गौ.गा.का.पा.बै.सं-०७/२०८१/०८२

आज मिति २०८१/०८/१५ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी -योजना तथा प्रशासन अधिकृत

भरत सिंह पल्ली -कम्प्युटर अपरेटर

**निर्णयहरु**

**निर्णय नं. : १ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

गौमुखी गाउँपालिका भित्र अल्लो पर्याप्त मात्रामा उत्पादन हुने र त्यसको प्रचुर मात्रामा उत्पादन गरि बजारिकरण गर्नको लागि समेत सहज हुने वातावरणलाई मध्यनजर गर्दै गौमुखी गाउँपालिकाले अल्लोलाई व्यवसायीक रुपमा प्रवर्धन गर्नको लागि **अल्लो प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** स्वीकृत गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २ : कृषि उपज हाटबजार संचालन सम्बन्धमा ।**

गौमुखी गाउँपालिकामा कृषि क्षेत्रको विकास गर्न तथा गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर गराउन टेवा पुग्ने अपेक्षाका साथ मिति २०८१ साल पौष १९ गते देखि प्रत्येक महिनाको पहिलो र तेस्रो शुक्रबार ठुलावेसी बजारमा कृषि उपज हाटबजार संचालन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३ : सडक बोर्डको लागि योजना छनोट गर्ने ।**

सडक वोर्ड नेपालको सडक मर्मत सम्बन्धी निर्देशिका,२०८१ अनुसार सडक मर्मत सम्बन्धी कार्य गर्न ठुलाबेसी - ४ नं. वडा कार्यालय - मष्ठथान सडक मर्मत योजना गत आ.व. मा छनोट भई निर्माण कार्यको लागि कार्यदेश दिएकोले सिर्जित दायित्व रकम भुक्तानि दिनुपर्ने भएकोले यस वर्ष पनि सोहि योजना छंनोट गरि पठाउने सर्वसम्मत रुपमा निर्णय गरियो।साथै सम्झौता रकमको २० प्रतिशतले हुन आउने रकम रु ३४२३७७.१२ (अक्षेरुपी तिन लाख बयालिस हजार तिन सय सतहत्तर पैसा बार मात्र)रकम विनियोजन गर्ने समेत निर्णय गरियो।

**निर्णय नं. २ : सडक बोर्ड नेपालमा योजना छनौट गरी पठाउने सम्बन्धमा ।**

आ.व. २०८०/०८१ मा सडक वोर्ड नेपाल र यस गौमुखी गाउँपालिका विच भएको सम्झौता बमोजिम सडक बोर्ड नेपालको रु २१ लाख र गौमुखी गाउँपालिकाको रु ५ लाख रकम गरी रु २६ लाख स्वीकृत भई ठेक्का गरिएकोमा ठेक्काबाट घटेको बाकि रकम लिवासे मसानघाट सडक मर्मत योजनामा काम गर्ने गरी छंनौट गरि पठाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुलसीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner